

## के अमेरिकाले चाहँदैमा विश्व शान्ति सम्भव छ ?

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com




❑ वर्ष-२१ ❑ अंक - १६४ ❑ २०८३ असार ०८ गते सोमबार ❑ Monday, 22 June, 2026 ❑ मूल्य ७ /-

## हतियार प्रहारबाट तीन जना घाइत

**मोरङ/** मोरङको विराटनगरमा सुधार गृह पठाउने तयारी गरिएका एक युवकको हतियार प्रहारबाट तीन जना घाइते भएका छन् । विराटनगर महानगरपालिका-१, अनुकरण मार्गस्थित मोहन भट्टराईको घरमा डेरा गरी बस्ने २९ वर्षीय रूबिण कार्कीले धारिलो हतियार प्रहार गर्दा तीन जना घाइते भएका हुन् ।

प्रहरीका अनुसार आज दिउँसो करिब साढे तीन बजे कार्कीलाई 'साथीभाइ नेपाल सुधार गृह' काठमाडौं पठाउने तयारी भइरहेको थियो । सोही क्रममा उनले कोठा थुनेर आत्महत्याको प्रयास गरेपछि घटनाबारे प्रहरीलाई जानकारी गराइएको थियो । बाँकी 8 पेजमा ▸▸

## लागूऔषधसहित भारतीय नागरिक पक्राउ

**उर्लाबारी/** मोरङको रंगेलीबाट ठूलो परिमाणमा लागुऔषध ट्रामाडोलसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । प्रहरीले भारतीय नागरिकको साथबाट ३० हजार ५ सय क्याप्सुल ट्रामाडोल हाइड्रोक्लोराइड बरामद गरेको छ । पक्राउ पर्नेमा भारतको बिहार राज्य अन्तर्गत अररिया जिल्लाको सिक्टी थाना, आँपगाछी पञ्चायत-१४ निवासी २५ वर्षीय अभिषेककुमार मण्डल रहेका छन् । उनी भारतीय नम्बर प्लेटको बीआर ३८ एएच ८७९८ नम्बरको मोटरसाइकलमा बोरा राखेर नेपाल प्रवेश गरेका थिए । बाँकी 8 पेजमा ▸▸

### रास्वपाको ऐतिहासिक महाधिवेशन सुरु

# सुशासन र एकतामा वक्ताहरूको जोड

पूर्वसन्देश समाचार

**दमक**/। चितवनको भरतपुरस्थित गेस्ट हाउस चउरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो राष्ट्रिय महाधिवेशन भव्य रूपमा आइतबार उद्घाटन गरिएको छ। तीन दिनसम्म चल्ने महाधिवेशनको उद्घाटन पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले संयुक्त रूपमा पार्टीको निर्वाचन चिह्न 'घण्टी' बजाएर गरेका हुन्। उद्घाटन समारोहमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, कार्यकर्ता तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

अपराह्न ३ बजेपछि सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाह महाधिवेशनस्थल पुगेका थिए । कार्यक्रमस्थलमा पुग्ने क्रममा पानी परेपछि दुवै नेता छाता ओढेर मञ्चतर्फ गएका थिए। मञ्चमा पुगेपछि उनीहरूले उपस्थित विशिष्ट अतिथिहरूसँग हात मिलाएर स्वागत गरेका थिए। यस क्रममा रवि लामिछानेले नेपाली कांग्रेसका सभापति गगन थापासँग अँगालो मारेर अभिवादन गरेका थिए। त्यसपछि सामूहिक रूपमा घण्टी बजाएर महाधिवेशनको औपचारिक उद्घाटन गरिएको थियो। प्रधानमन्त्री बालेनले मञ्चमा उपस्थित अन्य दलका नेताहरूलाई समेत घण्टी वितरण गरेका थिए। बाँकी 8 पेजमा ▸▸



### यस्तो छ रास्वपा महाधिवेशनको तालिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनअन्तर्गत नेतृत्व चयनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ । केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार शनिबार राति नै महाधिवेशन प्रतिनिधिहरूको प्रारम्भिक नामावली प्रकाशन भइसकेको छ भने आइतबार राति ११ बजे प्रतिनिधिहरूको अन्तिम नामावली सार्वजनिक गरिनेछ । निर्वाचन तालिकाअनुसार सोमबार दिउँसो १ बजेदेखि उम्मेदवार मनोनयनका लागि फारम वितरण सुरू हुनेछ भने दिउँसो २ बजेदेखि ४ बजेसम्म उम्मेदवारी दर्ता गर्न सकिनेछ । सोही दिन साँझ ६ बजे उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशन गरिनेछ । त्यसपछि साँझ ६ बजेदेखि ७ बजेसम्म उम्मेदवारविरूद्ध दाबी-विरोध दर्ता गर्न सकिने व्यवस्था गरिएको छ । दाबी-विरोध परेका उम्मेदवारमाथि साँझ ७ बजेदेखि राति ९ बजेसम्म जाँचबुझ गरिनेछ भने राति ९:१५ बजेसम्म उम्मेदवारी फिर्ता लिन सकिनेछ । उम्मेदवारहरूको अन्तिम नामावली सोमबार राति ११ बजे सार्वजनिक गरिने आयोगले जनाएको छ । असार ९ गते मङ्गलबार बिहान ८:३० बजेदेखि दिउँसो ३ बजेसम्म पहिलो चरणको मतदान हुनेछ, जसमा एक जना सभापति र ९९ जना केन्द्रीय सदस्य चयनका लागि मतदान गरिनेछ ।

## स्वदेश फर्कन पहल गरिदिन आग्रह



**दमक/** झापाको दमक बेलडाँगी र मोरङको पथरीमा बस्तै रहेका भुटानी शरणार्थीहरूको मुद्दा तीन दशकभन्दा लामो समयदेखि समाधानविहीन रहँदै आएको छ । तेस्रो मुलुक पुनर्वास कार्यक्रम सम्पन्न भए पनि स्वदेश फिर्तीको पक्षमा रहेका शरणार्थीहरूले भुटान सरकारले आफ्ना नागरिकलाई फर्काउने वातावरण सिर्जना गर्नुपर्ने माग निरन्तर उठाउँदै आएका छन् ।

नेपालमा तीन दशकभन्दा बढी समयदेखि शरणार्थी जीवन बिताइरहेका भुटानी शरणार्थीहरूले सुरक्षित, सम्मानजनक र शीघ्र स्वदेश फिर्तीका लागि संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (यूएनएचसीआर) समक्ष पहल गरिदिन पुन आग्रह गरेका छन् ।

विश्व शरणार्थी दिवसको अवसरमा भुटान इन्डिपेन्डेन्ट पिपुल्स फोरम (बीआईपीएफ) र नेशनल रिकन्सिलिएसन कमिटी भुटान (एनआरसीबी) ले नेपालस्थित यूएनएचसीआर प्रतिनिधि मोनिक सोखानलाई संयुक्त अपिलपत्र बुझाउँदै पुनर्वासभन्दा पनि स्वदेश फिर्ती नै आफ्नो मूल आकांक्षा रहेको बताएका हुन्।


## दुहबीको बजेट ९७ करोड ६६ लाख

**इटहरी/** सुनसरीको दुहबी नगरपालिकाको १९ औं नगर सभाबाट ९७ करोड ६६ लाख रूपियाँ बराबरको बजेट सार्वजनिक गरेको छ ।

दुहबीमा सुरू भएको नगर सभामा आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दै उपप्रमुख मेनुका पोखरेल खतिवडाले कुल ९७ करोड ६६ लाख रूपियाँ बजेटसहितको नीति तथा कार्यक्रम सार्वजनिक गर्नुभएको हो । नगर सभामा असार १० गतेभित्र बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । गत आवको भुक्तानी गर्न बाँकी दायित्व बाँकी 8 पेजमा ▸▸

## झापामा अविरल वर्षापछि एउटा घर भासियो

**बिर्तामोड/** झापाको बिर्तामोड नगरपालिका-५ स्थित सुकुम्बासी बस्तीमा अविरल वर्षापछि एक घर भासिँदा एक परिवार बिचल्लीमा परेको छ । स्थानीय कृष्ण ठाकुरको अढाई तले घर शनिबार रातिदेखि परेको लगातार वर्षाका कारण भासिएको हो । घरको जग कमजोर बन्दै गएपछि भवनको एक भाग धस्सिँदा बसोबास गर्न जोखिमपूर्ण बनेको स्थानीयवासीले बताएका छन् । घर भासिएसँगै ठाकुर परिवार सुरक्षित स्थानतर्फ सरेको छ ।



घटनापछि परिवारका सदस्यहरु अस्थायी आश्रयको खोजीमा रहेका छन् । स्थानीयवासीले वर्षाका कारण सुकुम्बासी बस्ती क्षेत्र उच्च जोखिममा रहेको भन्दै प्रभावित परिवारलाई तत्काल राहत तथा सुरक्षित आवासको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । घटनाबारे स्थानीय जनप्रतिनिधि तथा सम्बन्धित निकायले स्थलगत अनुगमनको तयारी गरिरहेका छन् । मानवीय क्षति नभए पनि घरमा भएको क्षतिका कारण ठाकुर परिवार समस्यामा परेको छ ।

## बाढीपहिरोले चौपाया बेपत्ता

**ओखलढुंगा/** अविरल वर्षापछि आएको बाढी र पहिरोले चिशंखुगढी गाउँपालिकामा भौतिक संरचना तथा चौपायाको क्षति गरेको छ । शनिबार अपरान्हदेखि परेको वर्षाका कारण गाउँपालिकाको वडा ३ र ५ जोड्ने खानी खोला माथिको पक्की पुल बाढीले आंशिक रूपमा बगाएको छ ।

पुलमा क्षति पुगेपछि स्थानीय आवत-जावत प्रभावित भएको छ । यस्तै, वडा १ र २ को सिमानामा रहेको बाङ्गे खोलामा आएको बाढीले स्थानीय टीका भुजेल, मननारायण श्रेष्ठ र मनबहादुर सार्कीका गोठ पूर्ण रूपमा बगाएको छ ।

घटनामा १ भैंसी र ५ गोरू बेपत्ता भएका छन् । पहिरोका कारण स्थानीय रामकुमार राई र जनकबहादुर मगरको घरमा आंशिक क्षति पुगेको छ । घर जोखिममा परेपछि दुवै परिवार आफन्तको घरमा अस्थायी रूपमा बसिरहेका छन् ।

वडा ५ को छहरेस्थित गणहा खोलामा आएको बाढीले सुरेश नेपालीको गोठ बगाउँदा १ भैंसी बेपत्ता भएको छ । एउटा पाडो मृत अवस्थामा फेला परेको छ । घटनामा मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालय जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ ।

## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ ।

### तपसिल

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय: दमक २ शाखा, झापा** | |
| १. दल बहादूर अधिकारीको नाति डम्बर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने **रूद्रमणी अधिकारी (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: साहिल अधिकारी, डिक मणि अधिकारी र सविता कार्की** | **ऋणी रूद्रमणि अधिकारीको** नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ (हाल दमक न.पा. वडा नं. ९) सिट नं. १७९००१५१४ स्थित कित्ता नं. ३१ को क्षेत्रफल १०४.५० र कित्ता नं. ३२ को क्षेत्रफल १२६.१० (घर) वर्ग मिटर जग्गा समेत। |
| २. डम्बर बहादुर अधिकारीको बुहारी हरी बहादुर कार्कीको छोरी रूद्रमणी अधिकारीको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. १३ (हाल दमक न.पा. वडा नं. ८) बस्ने **सविता कार्की (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: साहिल अधिकारी, डिक मणि अधिकारी र रूद्रमणी अधिकारी**<br>**यस अघि प्रकाशित सूचना:**<br>मिति २०८२।९।१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सूचना।<br>मिति २०८३।०१।१५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। | दल बहादूर अधिकारीको नाति डम्बर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने **रूद्रमणी अधिकारीको** नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ (हाल दमक न.पा. वडा नं. ९) सिट नं. १७९/००५५ स्थित कित्ता नं. १६३ र ३८७ को क्षेत्रफल क्रमशः ४२४.०० र १७३.०० वर्ग मिटर जग्गा समेत।<br>पूनश्चः माथि उल्लेखित धितो **ऋणी द ब्युटी बज मेकअप स्टुडियो** र **ऋणी रनभुमी फुटसलले** उपभोग गरेको कर्जा समेतलाई धितो सुरक्षणमा रहेको छ। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१४०, पो.ब.नं. २०५९० काठमाडौं

# सम्पादकीय

## लागूऔषध नियन्त्रण आवश्यक

पछिल्ला वर्षहरुमा झापाका सहरहरूमा लागूऔषध सेवन र अवैध कारोबारको गम्भीर समस्या देखिएको छ । मेचीनगर, भद्रपुर, बिर्तामोड र दमकजस्ता सहरी क्षेत्र विशेष जोखिममा पर्नु चिन्ताको विषय हो ।

हालै जिल्ला प्रहरी कार्यालय झापाले सञ्चालन गरेको विशेष 'स्वीप अपरेसन'मा ८२ जना पक्राउ पर्नु, ठूलो परिमाणमा खैरो हेरोइनजस्तो पदार्थ बरामद हुनु तथा जिल्लाका अधिकांश स्थानीय तह लागूऔषधको जोखिमबाट प्रभावित देखिनु यस समस्याको गहिराइलाई स्पष्ट पार्ने संकेत हुन् । यो केवल कानुन र सुरक्षासँग सम्बन्धित विषय मात्र नभई सामाजिक, शैक्षिक, आर्थिक र स्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष जोडिएको चुनौती हो ।

विशेषगरी भारतसँग जोडिएको १४४ किलोमिटर खुला सीमाले झापालाई लागूऔषध ओसारपसारको प्रमुख मार्ग बनाएको छ । भारतमा सस्तो मूल्यमा उपलब्ध हुने ब्राउन सुगर, ट्रामाडोल तथा अन्य नशालु पदार्थ नेपाल भित्र्याएर उच्च मूल्यमा बिक्री गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यसले सीमावर्ती क्षेत्रलाई मात्र होइन, समग्र जिल्लालाई नै लागूऔषधको ट्रान्जिट र उपभोग केन्द्रका रुपमा स्थापित गर्ने खतरा बढाएको छ ।

लागूऔषधको समस्या केवल तस्करी वा बिक्रीमा सीमित छैन । पुनःस्थापना केन्द्रहरुमा उपचाररत सयौं युवाको तथ्यांकले यसले युवा पुस्तामा कस्तो गहिरो प्रभाव पारेको छ भन्ने देखाउँछ । १६ देखि ४० वर्ष उमेर समूहका युवाहरु बढी प्रभावित हुनु देशको सामाजिक र आर्थिक भविष्यप्रतिको गम्भीर चेतावनी हो । बेरोजगारी, पारिवारिक निगरानीको कमी, गलत संगत, मानसिक तनाव तथा सामाजिक उदासीनताले युवालाई लागूऔषधको दलदलमा धकेल्ने वातावरण निर्माण गरिरहेका छन् ।

यस समस्याको समाधान केवल प्रहरी कारबाहीबाट सम्भव छैन । प्रहरीले अवैध कारोबार नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरे पनि यसको दीर्घकालीन समाधान समाजकै सामूहिक प्रयासमा निर्भर छ । विद्यालय र कलेजले विद्यार्थीलाई सचेत बनाउने, अभिभावकले आफ्ना सन्तानको व्यवहार र संगतप्रति संवेदनशील बन्ने, स्थानीय तहले समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा सामाजिक संघसंस्थाले पुनःस्थापनामा सहयोग पुर्‍याउने कार्य आवश्यक छ ।

यस सन्दर्भमा जिल्ला प्रहरी कार्यालयले अघि सारेको 'लागूऔषधविरुद्ध झापा अभियान' स्वागतयोग्य कदम हो । विद्यालयमा पोस्टरिङ, शिक्षक प्रशिक्षण, खेलकुदमार्फत युवालाई सकारात्मक गतिविधिमा जोड्ने प्रयास तथा घरघर सचेतना अभियानले सामाजिक सहभागिता बढाउन मद्दत गर्न सक्छ । तर यस्ता कार्यक्रम प्रभावकारी बनाउन निरन्तरता, पर्याप्त स्रोतसाधन र सबै सरोकारवालाको सक्रिय प्रतिबद्धता आवश्यक हुन्छ ।

अर्कोतर्फ, विद्यालय तथा सार्वजनिक स्थल आसपास सुर्तीजन्य पदार्थ र मदिराको बिक्री नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै महत्वपूर्ण छ । जोखिमपूर्ण वातावरणलाई नियन्त्रण नगरी केवल सचेतना कार्यक्रमले अपेक्षित परिणाम दिन सक्दैन । लागूऔषध दुरूपयोगले व्यक्तिको स्वास्थ्य नष्ट गर्नुका साथै परिवार विखण्डन, अपराध वृद्धि र सामाजिक असुरक्षा निम्त्याउँछ । त्यसैले यो समस्या कुनै एक निकायको मात्र होइन, सम्पूर्ण समाजको साझा चुनौती हो । झापामा देखिएको बढ्दो संकटलाई रोक्न समयमै प्रभावकारी कदम चाल्न आवश्यक छ ।

# के अमेरिकाले चाहँदैमा विश्व शान्ति सम्भव छ ?



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**अमेरिकाले इरानसँग मात्र होइन लेबनानसँग गरिरहेको युद्धलाई पनि समाप्त पार्ने घोषणा गरेका छन्। अमेरिकाले इजरायल र इरानबीच पनि छिटै हिजबुल्ला इस्लामिक समूह सम्बन्धी विवादहरुमा पनि सहमति हुन सक्ने सम्भावना हरु रहेको छ । कुनै पनि देशले एकअर्काको क्षेत्रीय अखण्डता र सार्वभौम सत्तालाई खलल पुर्‍याउने छैनन्, भनेर सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ ।**

यतिखेर दुनियाँ युद्ध राजनीति बाट पिरौलिदैं छ । जस्ता ततै राष्ट्र राष्ट्र बीचको सम्बन्धमा जुँगा तानातान र हात हालाहालको स्थिति उत्पन्न भएको छ । अन्तर्राष्ट्रिय रुपमा विश्वको महाशक्ति राष्ट्रहरू नै दुनियाको नीति निर्माता र शान्ति बहालीकर्ता बनेका छन् ।

इजरायल इरान बीच चलेको युद्ध जति जति लम्बिदै छ विश्वमा आर्थिक ,सामाजिक र राजनैतिक गतिरोधहरू उतिउति बढ्दै गै रहेको छ । रूस र युक्रेन बीच को विनाशकारी युद्धले विश्व व्यापारको पूर्ति प्रणालीलाई वृहत् रुपमा अवरूद्ध बनाउँदै लगि रहेको छ।डिजल ,पेट्रोल,खाना पकाउने ग्यासको अनियमित र नियन्त्रित आपूर्ति ले पश्चिम एसियाका राष्ट्रहरु झण्डै कंगाल बन्दै जाने अवस्था तिर हुँइकिँदै गई रहेका छन् । अमेरिकाले लगाएका सर्तहरु पालना गर्न इरान सहमत न भए पछि इरानले ठुलो मात्रामा क्षति व्यहोर्नु परि रहेको छ ।

युद्धलाई शान्ति स्थापनाको लागि अपरिहार्य मानिए तापनि युद्ध माथि युद्ध थपिँदै छ । क्रमिक रुपमा इजरायल वरिपरिका सपै इजरायल विरोधी राष्ट्रहरु इजरायललाई ध्वस्त पार्न लागिपरेपछि इजरायललाई पनि युद्ध लम्ब्याउन बाध्य हुनुपरेको अवस्था रहेको छ । इजरायल र प्यालेस्टाइनी छापामार लडाकाहरु एकअर्काको अस्तित्व संसारबाट नै मेटाउने असम्भव युद्धमा लागिरहेका देखिन्छन् । इरान र इजरायल बीचको युद्ध पनि इस्लामिक कट्टरतावाद मै केन्द्रित रहेको आत्मघाती युद्ध हो । अमेरिकाले इजरायल र इरानबीच युद्ध नरोकिने अवस्थामा इरानमाथि हस्तक्षेपकारी भूमिका खेल्न थालेपछि अमेरिकाली सैन्य अभियानले इरानको परमाणु सधैंको लागि बन्द गराउने निहुमा युद्धलाई अझ चर्काउँदै इरानलाई घुँडा टेकाउन अघिअघि लम्किरहेको प्रष्ट रूपमा देख्न सकिन्छ ।

इरानले कुनै पनि हालतमा आफ्नो परमाणु कार्यक्रमलाई फिर्ता नलिने र अमेरिकाले जसरी भएपनि इरानको परमाणु संयन्त्रलाई बन्द गराउने र पश्चिम एसियामा शान्ति स्थापना गराउने कार्यमा सहयोग पुग्ने देखिए पनि अपेक्षित रूपमा सफलता हासिल हुन सकेको छैन । लामो समयदेखि इरानको हर्मोज स्ट्रेटमा विश्वको ध्यान केन्द्रित भइरहेको र पश्चिमी एसियाका देशहरूमा पुग्ने पेट्रोलियम पदार्थहरूको निर्वाध रुपमा आयात हुन सकेको छैन । विश्वका ८० प्रतिशत पेट्रोलियम पदार्थहरुको निकासी इरानकै होरमुज स्ट्रेटबाट नै हुने गरेकोले त्यहाँबाट सुरक्षित रुपमा इन्धन बोकेका जहाजहरु बाहिर निस्किन पाइरहेका छैनन् । हर्मोजे स्ट्रेटलाई अमेरिकाले पनि आफ्नो सुरक्षा घेरामा राखेको हुनाले इरानका ध्वजावाहक जहाजसँगै अन्य देशका जहाजहरु पनि असुरक्षित बनेका छन् ।

अहिले इरान र अमेरिका बीच युद्ध बिराम गर्न सम्झौता भएको छ। सम्झौता अनुसार अमेरिकाले युद्धको क्षतिपूर्ति गर्नको लागि ईरान लाई ३०० अरब डलर बराबरको रकम इरानलाई तिर्नुपर्ने सम्झौता गरेको छ । दुई महिनाभित्र परमाणु कार्यक्रमहरुलाई बन्द गराउने सम्बन्धी बैठकहरु बसी निराकरण गरिनेछ । अमेरिकाली राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्रान्समा जी सेभेन को बैठक बसेको बेलामा नै इरान अमेरिका बीच सहमति हुने र युद्धविराम गरिने कुराको जानकारी दिनुभएको थियो । इरान र अमेरिका दुवै पक्ष परस्पर सहमतिमा १४ बुँदे सम्झौता गरी हुर्मोज स्ट्रेटको अन्तर्राष्ट्रिय जलमार्गलाई खुल्ला गर्ने निर्णय गरेका छन् ।

इरानले भविष्यमा कहिले पनि परमाणु क्षमताको विकास गर्न नसक्ने गरी सम्झौताहरु गरिएका छन् । अमेरिकाले इरानको पुनर्निर्माण र आर्थिक विकासमा सहयोग पुर्‍याउन क्षतिपूर्ति बापत करिब ३०० बिलियन डलर बराबरको क्षतिपूर्ति रकम दिने कुरालाई सम्झौतामा उल्लेख गरिएको छ । अब इरान र अमेरिकाले युद्धको अन्त्य भइसकेको घोषणा गरिसकेका छन् । युद्धलाई पूर्णरुपमा समाप्त पार्नको लागि ६० दिनभित्रमा महत्वपूर्ण बैठकहरु बसी छलफल गर्ने र निर्णयहरुलाई टुङ्गोमा पुर्‍याउन को लागि जेनेवामा अन्तिम सम्झौता गर्ने गरी लिखित सम्झौता गरिएको छ। अमेरिका र इरानबीच चलिरहेको सबै किसिमका युद्धहरु सबै मोर्चाहरुबाट समाप्त पार्ने निर्णय गरिएको छ ।

अमेरिकाले इरानसँग मात्र होइन लेबनानसँग गरिरहेको युद्धलाई पनि समाप्त पार्ने घोषणा गरेका छन्। अमेरिकाले इजरायल र इरानबीच पनि छिटै हिजबुल्ला इस्लामिक समूह सम्बन्धी विवादहरुमा पनि सहमति हुन सक्ने सम्भावना हरु रहेको छ । कुनै पनि देशले एकअर्काको क्षेत्रीय अखण्डता र सार्वभौम सत्तालाई खलल पुर्‍याउने छैनन्, भनेर सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । इरान र अमेरिकाबीच भएको सम्झौतामा दोस्रो बुँदामा एकअर्काको आन्तरिक मामिलामा कसैले हस्तक्षेप गर्ने छैन र एकअर्काको भावनालाई सम्मान गर्नेछ, भनेर लिखित सम्झौता गरिएको छ । सम्झौताको तेस्रो बुँदामा ६० दिनको टाइमलाइन दिएर वार्ताहरुलाई पूर्णता दिने गरी निर्णय गरिएको छ ।

इरानको तर्फबाट इरानी राष्ट्रपति मसुद पेजेसकियानले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । अमेरिका र इरानले सम्झौताको चौथो बुँदामा सबै किसिमका नाकाबन्दीहरुको अन्त्य गर्ने घोषणा गरेका छन् । ३० दिनभित्र सेनाले गरेका सबै किसिमका नाकाबन्दीहरूलाई हटाइँदै जानेछ । ३० दिन भित्र यस सम्झौता पत्रलाई पूर्णता दिइने निर्णय गरिएको छ ।

अमेरिकाली सेनाहरु इरानबाट फिर्ता जाने र इरानभित्र शान्ति स्थापना हुने कुराबारे विभिन्न किसिमका अड्कलहरु अहिलेदेखि नै लगाउन थालिएको छ । सम्झौतामा इजरायललाई पनि सामेल नगरिएको हुनाले उक्त सम्झौताहरु कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरामा पनि फरक फरक किसिमका विचारहरु आउन थालिसकेका छन् ।

सम्झौताको पाँचौं बुँदामा होर्मुज स्ट्रेटबाट निस्किने व्यापारिक सामानहरुलाई अझ व्यवस्थित र सुरक्षित बनाउँदै जाने निर्णय गरिएको छ । होर्मुज स्ट्रेटको बाटो भएर इन्धन र व्यापारिक सामानहरु सुरक्षित तरिकाले निस्किन पायो भने छिटै नै इन्धनको मूल्य र वस्तुहरुको मूल्यमा पनि गिरावट आउन सक्ने संकेतहरु देखा पर्न थालिसकेका छन् । ईरानले ओमान र अन्य खाडी मुलुकहरुको व्यापक हितको विचार गरी स्ट्रेट अफ हर्मोजको व्यवस्थापनमा ध्यान दिँदै जाने कुरालाई स्वीकार गरिएको छ ।

सम्झौताको बुँदा नम्बर ६ मा इरानलाई आर्थिक विकास गर्न र देशको पुनर्निर्माण गर्न तथा युद्धबाट भएको क्षतिलाई पूरा गर्नको लागि करिब ३०० बिलियन डलर बराबरको रकम अमेरिकाले भुक्तानी गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्ले इरानमाथि लगाएका प्रतिबन्धहरुलाई पनि हटाइने कुरालाई बुँदा नम्बर ७ मा उल्लेख गरिएको छ । त्यस्तै सम्झौतापत्रको बुँदा नम्बर ८ मा इरानले कुनै पनि किसिमको न्युक्लियर हातहतियार बनाउन र राख्न नपाउने गरी निर्णय गरिएको छ । इरानले युरेनियमको प्रशोधन गर्न पूर्णरुपमा निषेध गरिएको छ सम्झौता पत्रको बुँदा नम्बर ९ र १० मा इरानले अहिलेसम्म न्युक्लियर प्रोग्रामको बारेमा गरेका तयारीहरु र प्रगतिहरुको बारेमा अमेरिकालाई पूर्णरूपमा जानकारी गराउने निर्णय गरिएको छ सम्झौता पत्रको बुँदा नम्बर ११ मा अमेरिका र अन्य देशहरुको बैंकमा रहेका इरान सरकारको मुद्राहरुलाई फ्रिज गरेर राखिएको हुनाले उक्त रकम इरानले आफ्नो खाताबाट झिक्न पाउने गरी सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

इरान र अमेरिका बीच भएको सम्झौता को बुँदा नम्बर १२ , १३ र १४ मा सम्झौतामा लेखिएका कुराहरुलाई अनुगमन गर्ने र अन्तिम टुङ्गोसम्म पूर्‍याउने निर्णय गरिएको छ । अमेरिका र इजरायलको परम्परागत शत्रुको रुपमा रहेका इरानको अहिले कम्मर भाँचि सकिएको अवस्था भएपनि इरानले अमेरिकासँग एउटा युद्ध रणनीतिको रूपमा सम्झौता गर्नु परिरहेको हो वा वास्तविक शान्ति सम्झौता हो भन्ने कुरा बारे निर्क्योल निकाल्न अलिक हतार नै हुनेछ । मध्यपश्चिम एसियामा सबैभन्दा ठूलो विवाद प्यालेस्टाइन र इजरायल बीचको विवाद हो । यो विवाद टुङ्गो नलागुन्जेलसम्म यस क्षेत्रमा पूर्णरुपमा शान्ति स्थापना गर्ने कार्य कठिन मात्र होइन असम्भव नै छ। जस्तो धेरै कोणहरुबाट आँकलनहरु हुन थालेको छ ।

अहिलेसम्म अहिलेसम्म इजरायललाई संयुक्त राष्ट्र संघले मान्यता दिए पनि कतिपय कट्टर इस्लामेक राष्ट्रहरु जस्तै पाकिस्तान इरान लेबनान लगायतका मुलुकहरुले मान्यता दिएका छैनन् । त्यस्तै प्यालेस्टाइनलाई पनि दुनियाका धेरै देशहरुले स्वतन्त्र राष्ट्रको रूपमा मान्यता दिए पनि संयुक्त राष्ट्र संघले स्वतन्त्र मुलुकको रूपमा मान्यता दिन सकेका छैनन् । यो विवाद टुङ्गो नलागुन्जेलसम्म विश्वमा युद्धको बादल मडार्डिंदै जाने र विश्वलाई अपूरणीय क्षति पुर्‍याइ नै रहने सम्भावनाहरु पनि उत्तिकै रहेको छ ।

## सामाजिक सञ्जाल

### 'रास्वपामा टिके प्रथा सुरू भयो'- सुमना



दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपामा पनि टिके प्रथा सुरु भएको भन्दै सुमना श्रेष्ठले कटाक्ष गरेकी छिन् । रास्वपा परित्याग गरेकी उनले रास्वपामा नेतृत्व चयनको हकमा टिके प्रथा लागु गर्न खोजिएको भन्दै असन्तुष्टि व्यक्त गरेकी हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले एक जना उपसभापति, एक जना महामन्त्री, २ सहमहामन्त्री, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, सहप्रवक्ता तथा ५० जना केन्द्रीय सदस्य मनोनीत गर्ने तयारी गरेको छ । संगठानिक संरचनामा उनको असन्तुष्टी रहेको छ ।

## हराइरहेकी बालिका खोलामा मृत फेला

दमक । शनिबार विहानदेखि हराईरहेकी बालिका झापाको बिरिङ खोलाको पानीमा डुबेको अवस्थामा शव फेला परेको छ ।

कन्काई १ बस्ने कुलबहादुर रसाईलीकी छोरी ५ वर्षीया सोनिया रसाईलीको दिउँसो ३ बजेतिर कन्काई ८ स्थित बिरिङ खोलामा शव फेला परेको हो ।

छोरी हराई बेपत्ता भएपछि सोनियाकी आमा अमृता रसाईलीले अस्थायी प्रहरी पोस्ट दुर्गापुरमा मौखिक जानकारी गराएकी थिइन् । अस्थायी प्रहरी पोस्ट दुर्गापुरबाट प्रहरी सहायक निरीक्षक दिर्घबहादुर कार्कीको कमाण्डमा खटिएको टोलीले खोजतलास गर्ने क्रममा बालिकाको शव फेला पारेको हो । उक्त स्थानमा इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी निरीक्षक रूपेश राईको कमाण्डमा टोली खटिएर कानुनी प्रकृया पुरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## खानेपानी संरचना अनुगमन

केराबारी / केराबारी गाउँपालिकासँगको लागत साझेदारीमा शुभ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिद्वारा निर्माण गरिएको बसना सम्फ्वेल सुरक्षार्थ र रिटर्निङ वाल तथा बेलबोटे क्षेत्रमा ट्रान्समिसन पाइपलाइन सुरक्षार्थ बनाइएको कंक्रीट पिलरको अनुगमन गरिएको छ ।

गाउँपालिकाको योजना अनुगमन समिति र प्राविधिक टोलीले मंगलबार निर्माण स्थलको अनुगमन गर्दै प्राकृतिक तथा अन्य कारणले उत्पन्न समस्याबारे जानकारी लिएको हो ।

समितिका अनुसार रिटर्निङ वाल र पिलर निर्माण सम्पन्न भइसकेको छ र पाइप जडानपछि केही दिनमै खानेपानी सेवा सञ्चालनमा ल्याइनेछ

शुभ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले अनुगमन टोलीप्रति धन्यवाद व्यक्त गरेको छ ।

## इलाममा रात्रिकालीन सवारी चलाउन नपाईने

इलाम / मनसुन सक्रिय भएसँगै सम्भावित विपद् र जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय इलामले रात्रिकालीन सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाएको छ ।

यस वर्षको मनसुन प्रणाली नेपाल भित्रिसकेको र भारी वर्षाको सम्भावनाका कारण जिल्लाका सडक, पुल तथा राष्ट्रिय राजमार्गहरुमा क्षति भई बाटो अवरोध हुन सक्ने देखिएकाले प्रशासनले यस्तो कदम चालेको हो ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालद्वारा जारी सूचना अनुसार अबदेखि अर्को सूचना नभएसम्मका लागि प्रत्येक दिन बेलुका ८:०० बजेदेखि बिहान ५:०० बजेसम्मका लागि बिरामी बोकेका एम्बुलेन्स र अति आवश्यक काम परी यात्रा गर्नुपर्ने सवारी साधनबाहेक अन्य सबै प्रकारका साना, ठुला तथा मालवाहक सवारी साधनको आवगमनलाई पूर्ण रुपमा रोक लगाइएको छ । अति आवश्यक अवस्थामा यात्रा गर्नुपरेमा स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरेर मात्र यात्रा गर्न अनुरोध गरिएको छ ।

यसैगरी, मेची राजमार्ग, मेची कोरिडोरको इलाम-बेलासे खण्ड लगायत जिल्लाका अन्य ग्रामीण सडकहरुमा यात्रा गर्दा विशेष सावधानी अपनाउन प्रशासनले आम सर्वसाधारणलाई आग्रह गरेको छ ।

प्रशासनले काठ तथा गोलिया बोकेका ओभरलोड भारी सवारी साधनहरूलाई नियन्त्रित रुपमा मात्र आवगमन गराउने निर्णय गरेको छ भने खाद्यान्न, निर्माण सामग्री लगायतका दैनिक जीवन निर्वाहका लागि आवश्यक सामग्री बोकेका सवारी साधनहरूलाई पनि सडकको अवस्था र क्षमताको पूर्ण पालना गरेर मात्र चलाउन निर्देशन दिएको छ ।

बाढी र पहिरोका कारण सार्वजनिक सडकमा पुग्न सक्ने क्षति र यातायात अवरोध हुनसक्ने विषयमा पूर्व सतर्कता अपनाउन, यात्रा गर्नुपूर्व सवारी चालक, सवारी धनी तथा यात्रीहरूलाई बाटोको अवस्था र आवगमनको बारेमा अग्रिम जानकारी लिएर मात्र यात्रा तय गर्न र विपद्को समयमा सजग रही समयमै सूचना आदानप्रदान गर्न जिल्ला प्रशासन कार्यालयले अपिल गरेको छ ।




अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## मुक्कुम्लुङ केबलकार परियोजनामाथि सरकारी छानबिन

# खारेजीको सम्भावना प्रवल



दमक । ताप्लेजुङस्थित धार्मिक तथा सांस्कृतिक महत्व बोकेको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा निर्माणाधीन केबलकार परियोजनामाथि सरकारी छानबिन तीव्र बनेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गठन गरेको कार्यदलले परियोजनासम्बन्धी कागजात र स्थलगत अवस्थाको अध्ययन सुरु गरेपछि परियोजनाको भविष्य खारेजीतर्फ उन्मुख रहेको भन्दै चिन्ता र चासो बढ्न थालेको छ ।

करिब ३ अर्ब रुपैयाँ लगानीको उक्त केबलकार परियोजना निजी क्षेत्रको आइएमई ग्रुपद्वारा अघि बढाइएको हो । स्थानीय याक्थुङ (लिम्बू) समुदाय तथा विभिन्न संरक्षणकर्मीहरूले भने लामो समयदेखि यस परियोजनाले मुक्कुम्लुङको सांस्कृतिक, धार्मिक तथा प्राकृतिक महत्वमा असर पार्ने भन्दै विरोध जनाउँदै आएका छन् ।

सरकार र आन्दोलनरत पक्षबीच निर्माण कार्य स्थगित गर्ने सहमति भए पनि निर्माण प्रक्रिया अघि बढाइएको आरोपपछि विवाद थप चर्किएको थियो । त्यसपछि प्रधानमन्त्री कार्यालयले परियोजनाका विभिन्न पक्षबारे अध्ययन गर्न कार्यदल गठन गरेको हो ।

प्रारम्भिक अध्ययनका क्रममा वातावरणीय प्रभाव मूल्यांकन, जग्गा खरिद(बिक्री प्रक्रिया तथा स्वीकृतिसम्बन्धी विषयमा केही प्रश्न उठेको बताइएको छ । यद्यपि यी विषयमा अन्तिम निष्कर्ष भने कार्यदलको प्रतिवेदनपछि मात्रै सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

उच्च सरकारी स्रोतका अनुसार कार्यदलले तोकिएको समयभित्र प्रतिवेदन बुझाएपछि सरकारले परियोजनाको निरन्तरता, संशोधन वा खारेजीलगायत विकल्पबारे निर्णय गर्न सक्छ । साथै प्रक्रियागत कमजोरी वा कानुनी उल्लङ्घन पुष्टि भए सम्बन्धित पक्षमाथि आवश्यक कानुनी कारबाहीसमेत अघि बढाउन सकिने जनाइएको छ ।

मुक्कुम्लुङ केबलकार विवाद अहिले केवल ताप्लेजुङको स्थानीय मुद्दा मात्र नभई विकास, सांस्कृतिक अधिकार, वातावरण संरक्षण र स्थानीय समुदायको सहभागितासम्बन्धी राष्ट्रिय बहसको विषय बनेको छ । अब सरकारको अन्तिम निर्णय र कार्यदलको प्रतिवेदनप्रति सबैको ध्यान केन्द्रित भएको छ ।

## विश्वकप विशेष

# जापानको शानदार जित

## कुरासाओको ऐतिहासिक अंक र जर्मनीको नकआउट यात्रा





एजेन्सी - फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'एफ' र 'ई' का खेलहरूमा जापान, कुरासाओ, इक्वेडर, जर्मनी र आइभरी कोस्टबीच रोचक नतिजा आएका छन् । जापानले ट्युनिसियामाथि ४-० को प्रभावशाली जित निकाल्दै नकआउट चरण पुग्ने सम्भावना बलियो बनाएको छ भने समूह 'ई' मा जर्मनीले आइभरी कोस्टलाई २-१ ले पराजित गर्दै अन्तिम ३२ मा स्थान सुरक्षित गरेको छ । त्यस्तै, अर्को खेलमा कुरासाओले इक्वेडरसँग गोलरहित बराबरी खेल्दै ऐतिहासिक पहिलो विश्वकप अंक जोडेको छ ।

मेक्सिकोको मोन्टेरेस्थित एस्टाडियो मोन्टेरमा भएको समूह 'एफ' को खेलमा जापानले सुरुदेखि नै दबाब बनाएको थियो । चौथो मिनेटमै दाइची कामाडाको गोलबाट अग्रता लिएको जापानले ३१औं मिनेटमा आयासे उएदाको गोलमार्फत अग्रता दोब्बर बनायो । पहिलो हाफ २-० मा सकिएको खेलमा दोस्रो हाफमा पनि जापान हाबी रह्यो । ६९औं मिनेटमा जुन्या इतोले गोल थपे भने ८३औं मिनेटमा उएदाले व्यक्तिगत दोस्रो गोल गर्दै ४-० को सहज जित सुनिश्चित गरे । यससँगै जापान विश्वकपको एक खेलमा चार गोल गर्ने पहिलो एसियाली राष्ट्र बनेको छ । ट्युनिसियाले खेलभर एकपटक पनि सट अन टार्गेट गर्न सकेन र टोलीको प्रदर्शन निराशाजनक रह्यो । यो हारसँगै ट्युनिसियाको यात्रा समूह चरणमै समाप्त भएको छ । जापान भने ४ अंकसहित दोस्रो स्थानमा उक्लिएको छ र अन्तिम खेलमा स्विडेनसँग भिड्नेछ ।

उता समूह 'ई' अन्तर्गत कान्सास सिटी स्टेडियममा भएको खेलमा कुरासाओका गोलरक्षक एलोय रुम नायक बने । ६८ हजारभन्दा बढी दर्शकको उपस्थितिमा भएको खेलमा उनले १५ उत्कृष्ट बचाउ गर्दै इक्वेडरलाई गोल गर्नबाट रोके । ३७ वर्षीय रुमले टिम हावर्डको विश्वकपमा एक खेलमा १५ सेभ गर्ने कीर्तिमान बराबरी गरेका हुन् । इक्वेडरले २७ प्रहार गरे पनि गोल गर्न सकेन । यसअघि जर्मनीसँग ७-१ ले पराजित भएको कुरासाओले यो बराबरीसँगै आफ्नो पहिलो विश्वकप अंक जोडेको हो । इक्वेडर भने लगातार दुई खेलमा गोलविहीन बनेको छ र अब जर्मनीसँग निर्णायक खेल खेल्नेछ ।

सोही समूहको अर्को खेलमा जर्मनीले आइभरी कोस्टलाई २-१ ले पराजित गर्दै नकआउट चरणमा स्थान बनाएको छ । आइभरी कोस्टका फ्रान्क केस्सीले पहिलो गोल गरे पनि जर्मनीका डेनिज उन्डाभले दोस्रो हाफमा दुई गोल गर्दै खेल उल्टाए । इन्जुरी समयको चौथो मिनेटमा आएको निर्णायक गोलसँगै जर्मनीले रोमाञ्चक पुनरागमन जित दर्ता गर्‍यो । यो जितसँगै जर्मनी समूह चरणको एक खेल बाँकी रहँदै अन्तिम ३२ मा पुगेको छ । आइभरी कोस्टको सम्भावना भने अझै जीवित छ, तर अन्तिम खेलमा जित अनिवार्य हुनेछ ।

समग्रमा यी खेलहरूले विश्वकपको समूह चरणलाई झन् रोमाञ्चक बनाएका छन्, जहाँ जापानको आक्रामक प्रदर्शन, कुरासाओको ऐतिहासिक प्रतिरोध र जर्मनीको पुनरागमन जित मुख्य आकर्षण बनेका छन् ।

## मनोरञ्जन

# फिल्म 'तीन तिघ्रे क्या बिग्रे' को निर्माण घोषणा





दमक/ रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्म 'तीन तिघ्रे क्या बिग्रे' को निर्माण औपचारिक घोषणा गरिएको छ । आइतबार सूर्यविनायक गणेश मन्दिरमा स्क्रिप्ट पूजा गर्दै निर्माणको घोषणा गरिएको हो । अमरदीप सापकोटाको लेखन एवं निर्देशन रहने फिल्म असार महिनाको अन्तिम सातादेखि छायांकनमा जानेछ ।

फिल्ममा चर्चित गायक पशुपति शर्मा र गायिका अन्जु पन्तकी छोरी परितोषिका पन्त मुख्य भूमिकामा देखिन लागेका छन् । यी दुवै कलाकार यो डेब्यु फिल्म हो । कमेडी जनरामा निर्माण हुने यस फिल्म पूर्ण मनोरञ्जनात्मक प्याकेजका रूपमा दर्शकमाझ प्रस्तुत हुने निर्देशक सापकोटाले बताए ।

## सामान्य ज्ञान



१. हालसम्म नेपालले कति पटक सार्क शिखर सम्मेलन आयोजना गरेको छ ?
= ३ पटक

२. २०० सिपाहिलाई २१ दिन पुग्ने रासन ३०० सिपाहिलाई कति दिन पुग्छ ?
= १४ दिन

३. आसियानको शिखर बैठक वार्षिक रूपमा आयोजना गर्ने निर्णय कहिले भयो ?
= सन् २००१ बाट

४. हात्तीको थासो भए विरालोको के ?
= काट्टो

५. वि स १९४७ साल श्रावण १२ गते के भएको थियो ?
= वीर स्पतालको निर्माण

६. साहित्यकार बासुदेब लुइटेललाई के भनेर चिनिन्छ ?
= भूतको भिनाज्यू

७. विश्वमा दुईवटा देशलाई पार गरेर मात्र समुद्री तटमा पुग्न सकिने देश )म्यगदभि बिलमयिअपभम अयगलतचथ) कतिवटा छन् ?
= २ (Lichtenstein and Uzbekistan)

८. जनसंख्याको आधारमा सबैभन्दा ठूलो राष्ट्र कुन हो?
= चीन

९. नेपालको हावाखोरी भन्नाले कुन पर्वतमाला लाई चिनिन्छ ? .
= माहाभारत पर्वत श्रेणी

१०. नेवारी भाषाको पहिलो पत्रिका कुन हो ?
= पासा

# निःशुल्क आँखा शिविर : ५३ जनाले पाए नयाँ दृष्टि

भोजपुर / दुर्गम पहाडी भेगका नागरिकका लागि सामान्य स्वास्थ्य सेवा समेत सहज पहुँचभन्दा बाहिर रहेका बेला भोजपुरको अरूण गाउँपालिकामा सञ्चालन गरिएको बृहत् निःशुल्क आँखा शिविरले दर्जनौं स्थानीयको जीवनमा नयाँ उज्यालो भरेको छ ।

गाउँपालिकाको सहजीकरण तथा मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन भएको तीनदिने शिविरमार्फत ५३ जना आँखाका बिरामीले सफल शल्यक्रिया सेवा प्राप्त गरेका छन् । स्थानीयवासीका अनुसार वर्षौंदेखि धमिलो दृष्टि र मोतियाबिन्दुको समस्याबाट पीडित रहेका धेरै ज्येष्ठ नागरिकले उपचारपछि पुनः स्पष्ट रूपमा देख्न थालेका छन् ।

# ५५ वर्ष उमेर हद र ३० वर्ष सेवा अवधि प्रस्ताव, निजामती सेवामा व्यापक फेरबदल

दमक । सरकारले अगाडि बढाएको संघीय निजामती सेवा विधेयकको मस्यौदाले कर्मचारी प्रशासनमा व्यापक तरंग उत्पन्न गरेको छ । चालु आर्थिक वर्षभित्रै संघीय निजामती सेवा ऐन ल्याएर १५ हजारभन्दा बढी पुराना कर्मचारीलाई सेवाबाट बिदा गर्ने तयारी भइरहेका बेला प्रधानमन्त्री बालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेबीच कार्यान्वयनको विधिलाई लिएर मतभेद देखिएको छ ।

प्रधानमन्त्री शाह कर्मचारी व्यवस्थापनसम्बन्धी सुधार अध्यादेशमार्फत तत्काल लागू गर्ने पक्षमा रहेको स्रोतहरूको दाबी छ । संसद्बाट ऐन पारित गर्ने प्रक्रियामा समय लाग्ने र विभिन्न तहमा चलखेल हुने सम्भावना रहेकाले अध्यादेशमार्फत अघि बढ्ने विकल्पबारे प्रधानमन्त्रीको टोलीले गृहकार्य गरिरहेको बताइएको छ ।

यता रवि लामिछाने भने कर्मचारी सुधार आवश्यक भए पनि त्यसका लागि संसदीय प्रक्रिया अवलम्बन गर्नुपर्ने पक्षमा छन् । उनका अनुसार यति ठूलो संरचनात्मक परिवर्तन विधि र पद्धतिअनुसार संसद्बाट ऐन बनाएर लागू गरिनुपर्छ । यद्यपि माथिल्लो तहका कर्मचारी व्यवस्थापन र प्रशासनिक सुधारको विषयमा भने उनी पनि सकारात्मक रहेको बताइन्छ ।

सरकारले तयार पारेको मस्यौदाअनुसार ५५ वर्ष उमेर हद र ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अवकाश दिने व्यवस्था प्रस्ताव गरिएको छ । यो प्रावधान लागू भए १५ हजारभन्दा बढी कर्मचारी एकैपटक सेवाबाट बाहिरिने अनुमान गरिएको छ ।

विशेष गरी निजामती सेवाको माथिल्लो तहमा यसको प्रभाव बढी पर्ने देखिएको छ । हाल कार्यरत ७१ सचिवमध्ये ५२ जना तथा करिब ६ सय सहसचिवमध्ये १८१ जना तत्काल अवकाशमा जान सक्ने अवस्था रहेको सरकारी तथ्यांकले देखाएको छ ।

मस्यौदामा मुख्यसचिवको पदावधि तीन वर्षबाट दुई वर्षमा झार्ने तथा सचिवको पदावधि पाँच वर्षबाट तीन वर्षमा सीमित गर्ने प्रस्ताव पनि समावेश गरिएको छ । साथै अनिवार्य अवकाशको अवस्थामा अधिकतम ३० वर्षसम्मको मात्र पेन्सन सुविधा उपलब्ध गराउने व्यवस्था राखिएको बताइएको छ ।

सरकारले पुराना संरचना र कार्यशैलीबाट अपेक्षित परिणाम प्राप्त नभएको निष्कर्ष निकाल्दै प्रशासनिक सुधारको नाममा कर्मचारी संख्या घटाउने नीति अघि सारेको देखिन्छ । मन्त्रालयको संख्या घटाउने, विभिन्न सरकारी निकाय पुनर्संरचना गर्ने तथा अनावश्यक दरबन्दी कटौती गर्ने योजनासमेत समानान्तर रूपमा अघि बढाइएको छ ।

यसैबीच, सम्भावित कानुनी परिवर्तन र पेन्सन व्यवस्थामा हुन सक्ने असरलाई ध्यानमा राख्दै केही कर्मचारीहरूले स्वेच्छिक रूपमा राजीनामा दिन थालेका छन् । विभिन्न मन्त्रालयका सहसचिव, उपसचिव र शाखा अधिकृतहरूले राजीनामा दिइसकेको तथा थप कर्मचारीहरू सामूहिक रूपमा अवकाश वा राजीनामाको विकल्पबारे छलफलमा रहेको स्रोतहरूको दाबी छ ।

शिक्षा मन्त्रालयसहित केही निकायका कर्मचारीहरूले नयाँ व्यवस्था लागू हुनुअघि नै सेवाबाट बाहिरिने विकल्पबारे गम्भीर छलफल गरिरहेको बताइएको छ ।

## स्वास्थ्य

# आधुनिक समाजमा योगको महत्व

योगले दुई वा दुईभन्दा बढी पक्षहरूलाई एक गर्ने, आत्मा र परमात्माबिचको योग, तथा भौतिक अवस्थाबाट अभौतिकमा विलीन हुने अर्थ दिन्छ ।

पतञ्जलिको योग दर्शन अनुसार, योग भनेको मनलाई चञ्चल हुनबाट रोक्ने वा मनलाई भटकन नदिने र केवल 'कैवल्य'मा केन्द्रित राख्ने विधि हो ।

योगका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी आठवटा अंगहरु छन्, जसको अभ्यासले व्यक्तिलाई कैवल्य (मुक्ति) प्राप्त गराउँछ ।

'योग' शब्दले अनेकानेक अर्थ बोकेको छ । सामाजिक व्यवहारमा योगले दुई वा दुईभन्दा बढी पक्षहरूलाई एक गरेको अर्थ दिन्छ भने दर्शनमा आत्मा र परमात्माबिच योगको कुरा गर्दछ । मानिस भौतिक अवस्थाबाट अभौतिकमा विलीन हुने विधिको अर्थ दिन्छ । सांसारिकताबाट मुक्ति वा मुक्तिको विधि स्पष्ट गर्दछ । प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवम् स्थिरता र आरोग्यताको प्राप्ति हुन्थ्यो ।

योग दर्शनका प्रणेता पतञ्जलिका अनुसार, योग भनेको मनलाई चञ्चल हुनबाट रोक्ने वा मनलाई भटकन नदिने र केवल 'कैवल्य'मा केन्द्रित राख्ने विधि हो । योग दर्शनले मनलाई एकाग्र गर्ने र ईश्वरसँग विलीन गर्ने मार्गदर्शन गर्दछ । अथर्ववेदमा 'योगश्चित्तवृत्ति निरोधः' अर्थात् मनमा आउने विभिन्न विषयलाई रोक्ने अभ्यास गर्नु नै योग हो भनिएको छ । वैदिक शास्त्रहरूमा ६ वटा दर्शन प्रतिपादन गरिएका छन् । ती हुन्- सांख्य दर्शन, योग दर्शन, वैशेषिक दर्शन, न्याय मीमांसा ( पूर्वमीमांसा) र वेदांत (उत्तर-मीमांसा) दर्शन । यद्यपि भारत वर्षमा यी प्रधान दर्शनहरूका अतिरिक्त 'सर्वदर्शन संग्रह'मा चार्वाक, बौद्ध, आर्हत, नकुलीश, पाशुपत, शैव, पूर्णप्रज्ञ, रामानुज, पाणिनि र प्रत्यभिज्ञा दर्शनको पनि उल्लेख पाइन्छ ।

सांख्य दर्शनमा सृष्टिको उत्पत्तिको क्रमको विस्तारपूर्वक विवेचन गरिएको छ । न्याय दर्शनमा युक्ति वा तर्क प्रणालीको बारेमा निकै विस्तारका साथ वर्णन गरिएको छ ।





आज मिति
२०८३ साल
असार ०८ गते
सोमबार
22 June, 2026
तिथि: अष्ठमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | आत्मबलमा वृद्धि । स्वास्थ्यमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | परिवारमा कलह । व्यर्थमा धन खर्च । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पराक्रम बढ्ने । काठका सामानबाट फाइदा । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मातृस्नेह प्राप्त । भूमिबाट फाइदा । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | विद्वानजनको संगत । सकारात्मक सोचमा वृद्धि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शत्रुको भय रहने । शरीरमा पीडा । |
| तुला | रा री रु रे रो ता ती तु ते | दाम्पत्य सुख । आयमा वृद्धि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कारोबारमा फाइदा । शत्रु पराजय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | सन्तानबाट सहयोग । धर्मकर्ममा रुचि बढ्ने । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मित्र मिलन, शिक्षामा सफलता । गृह कारोबारमा फाइदा । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आयस्रोतमा बृद्धि । भातृ सुख । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | द्रव्य लाभ । मनोबल बढ्ने । |

# ड्रागन फ्रुट खेती गरेर वार्षिक १२ लाख आम्दानी



**सुनसरी/** परम्परागत अन्नबालीमा सीमित कृषकहरूका लागि व्यावसायिक फलफूल खेतीतर्फको आकर्षणले स्थानीय कृषि क्षेत्रमा नयाँ सम्भावनाको ढोका खोल्न थालेको छ । यसैको एउटा उदाहरण हुन् सुनसरीको हरिनगर गाउँपालिका–३ गौतमपुरका किसान रामेश्वर मेहता । उनले पाँच कट्ठा जमिनमा व्यावसायिक ड्रागन फ्रुट खेती गरेर वार्षिक १२ लाख रूपैयाँभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखेका छन् ।

परम्परागत खेती छाडेर आधुनिक फलफूल खेतीतर्फ लागेका मेहताको प्रयास अहिले स्थानीय कृषकका लागि प्रेरणाको स्रोत बनेको छ ।

मेहताले करिब आठ लाख रूपैयाँ लगानी गरेर ड्रागन फ्रुट खेती सुरू गरेका हुन्। उनका अनुसार बिरूवा खरिदमै एक लाख ५६ हजार रूपैयाँ खर्च भएको छ । बाँकी रकम पिलर, टायर तथा होल्डर, कम्पोष्ट मल, सुडोमोनास, अन्य खाद्य पदार्थ, रोपाइँ, सिँचाइ र मजदुरको ज्यालामा खर्च गरिएको छ ।

"खेती सुरू गर्दा आम्दानीभन्दा खर्च बढी थियो, तर अहिले उत्पादन आउन थालेपछि उत्साहित भएको छु," मेहताले भने । उनका अनुसार पाँच कट्ठामा लगाइएका बिरूवाबाट प्रतिकट्ठा करिब एक हजार चार सय किलो ड्रागन फ्रुट उत्पादन हुने अपेक्षा गरिएको छ । उत्पादन र बजार मूल्यका आधारमा यस वर्ष १२ लाख रूपैयाँभन्दा बढी आम्दानी हुने लक्ष्य लिइएको उनले बताए ।

कम मेहनतमा राम्रो आम्दानी हुने र बजारमा माग पनि राम्रो रहेकाले अब खेती थप विस्तार गर्ने तयारी भइरहेको मेहताले जानकारी दिए । उनको सफलताले स्थानीय कृषकहरू पनि ड्रागन फ्रुट खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

कृषि ज्ञान केन्द्र इनरूवाका प्रमुख नीलकमल सिंहका अनुसार सुनसरी जिल्लामा हाल करिब ५० हेक्टर क्षेत्रफलमा ड्रागन फ्रुट खेती भइरहेको छ । जिल्लामा प्रतिहेक्टर औसत १२ दशमलव पाँच मेट्रिक टन उत्पादन हुँदै आएको उनले बताए ।

---

***सुशासन*.....** महाधिवेशन उद्घाटन समारोहमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, नेपाली कांग्रेसका सभापति गगन थापा, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सिके राउत, नेकपा एमालेका नेता प्रदीप ज्ञवाली तथा नेकपाका नेता वर्षमान पुनलगायत शीर्ष नेताहरू सहभागी भएका थिए । उनीहरूले शुभकामना मन्तव्य दिँदै रास्वपाको आगामी राजनीतिक यात्राका लागि सुझावसमेत प्रस्तुत गरेका थिए ।

रास्वपाका सभापति रवि लामिछानेले पूर्वसहमति अनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले भटाभट गोल हान्ने बताएका छन् ।

'सरकार सञ्चालन गर्ने पूर्वसहमति अनुसार रास्वपाका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुगेको छ । भटाभट गोल हान्ने जिम्मा उहाँलाई नै छ । झुक्किएर मेरो खुट्टामा आएछ भने पनि पास गरेर उहाँको खुट्टामा पुऱ्याउने जिम्मा मेरो हो,' रविले भने । इतिहासलाई साक्षी राखेर गरिएका अक्षर–अक्षरको पालना गर्ने उनको भनाइ छ । रास्वपालाई लडाउने, ढलाउने प्रयास निक्कै हुने भन्दै उनले आफूहरू त्यसबाट उठ्ने बताए ।

उद्घाटन सत्रमा प्रधानमन्त्री तथा वरिष्ठ नेता बालेन शाहले सम्बोधन गर्दै नबोलौँ भन्दा पनि बोल्नैपर्ने दिन आएको बताएका छन् । प्रधानमन्त्री शाहले रास्वपामा समूहको नाममा बिउ रोप्न नहुने बताएका छन् । राम्रो राजनीतिज्ञ बन्न जनताको माया जित्नुपर्ने भन्दै उनले गुट र समूहको राजनीति नगर्न आग्रह गरेका हुन् । 'त्यस्तो समूहको बिउ नरोप्नुहोस् । त्यस्तो बिउ रोप्नु हुँदैन । यस्तो कुराले पार्टी सकिन्छ भन्ने कुरा हामीले पुराना दलबाट सिक्नुपर्छ,' उनले भने ।

रास्वपाका उपसभापति तथा अर्थमन्त्री स्वर्णिम वाग्लेले पार्टीको उदय पुरानो पुस्तासँग संघर्ष गर्न नभई नयाँ राजनीतिक संस्कार स्थापित गर्न भएको बताए । उनले रास्वपाको उद्देश्य केवल सरकार परिवर्तन नभई राजनीतिक संस्कार परिवर्तन रहेको स्पष्ट पारे । "हामी कसैलाई हराउन होइन, नेपाललाई जिताउन आएका हौँ । पुरानो पुस्तासँग लड्न होइन, नयाँ राजनीतिक संस्कार बसाउन आएका हौँ," उनले भने । वाग्लेले जनतामा बढ्दो परिवर्तनको चाहनाले रास्वपालाई लोकतान्त्रिक विद्रोहको आवाजका रूपमा स्थापित गरेको धारणा राखे ।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले रास्वपालाई वैकल्पिक राजनीतिको अगुवा शक्ति भएको उल्लेख गर्दै सुशासन र समृद्धिको एजेन्डालाई प्रभावकारी रूपमा अघि बढाउन सुझाव दिए । उनले चार वर्षको छोटो अवधिमै रास्वपाले उल्लेखनीय जनसमर्थन प्राप्त गरेको भन्दै त्यसलाई नयाँ राजनीतिक अभियानको महत्वपूर्ण उपलब्धि बताए । साथै, पार्टीभित्रको एकता कायम राख्न सके भविष्य अझ उज्ज्वल हुने विश्वास व्यक्त गरे ।

नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले महाधिवेशनको सफलताको शुभकामना दिँदै लोकतान्त्रिक संस्थाहरूलाई सम्मान गर्न आग्रह गरे । उनले न्यायालय, राष्ट्रपति संस्था तथा संसदलाई कमजोर बनाउने गतिविधिबाट टाढा रहन सुझाव दिँदै लोकतन्त्रप्रतिको प्रतिबद्धता अझ स्पष्ट रूपमा देखाउनुपर्ने बताए ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले जनताले परिवर्तनको अपेक्षासहित रास्वपालाई समर्थन गरेको उल्लेख गर्दै संविधान संशोधन र राष्ट्रिय सहमतिका विषयमा ध्यान दिन आग्रह गरे । उनले निषेधको राजनीति त्यागेर सबै विचारलाई समेट्ने वातावरण बनाउनुपर्ने धारणा राखे ।

नेकपाका नेता वर्षमान पुनले रास्वपाले सामाजिक न्यायसहितको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अझ स्पष्ट प्रतिबद्धता जनाउनु पर्ने बताए । उनले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका विषयमा रास्वपा र नेकपाबीच सहकार्यको सम्भावना रहेको उल्लेख गर्दै लोकतान्त्रिक विधि र संविधानको सीमाभित्र रहेर काम गर्न सुझाव दिए ।

त्यस्तै, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकलाई नयाँ दिशातर्फ लैजाने अवसर रास्वपालाई प्राप्त भएको बताए भने जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रधानमन्त्री बालेन शाहको नेतृत्व शैलीको प्रशंसा गर्दै नयाँ पुस्ताको नेतृत्वप्रति आशा व्यक्त गरे । यसरी विविध राजनीतिक धारका नेताहरूको उपस्थितिमा सम्पन्न उद्घाटन समारोहले रास्वपाको पहिलो महाधिवेशनलाई राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनाएको छ । महाधिवेशनबाट पार्टीको भावी नेतृत्व, वैचारिक दिशा र संगठनात्मक संरचना तय हुने भएकाले यसप्रति देशव्यापी चासो र अपेक्षा बढेको छ ।

## अन्तर्राष्ट्रिय

## भारतमा कार दुर्घटना हुँदा झापाका युवकको मृत्यु

**एजेन्सी/** भारतको बागडोग्रामा भएको कार दुर्घटनामा परी झापा बिर्तामोडका एक युवकको मृत्यु भएको छ । भारतको सिलिगुडीबाट फर्किँदै गर्दा बाग्मती प्रदेश ०१०३२ च. १६८० नम्बरको कार शनिबार दिउसो करिब ५ बजे बागडोग्राको सन्यासी स्थानको चिया बगानमा अनियन्त्रण भई रूखमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा अलैची व्यवसायी बिर्तामोड–५ निवासी भरत चौधरीका छोरा अन्दाजी वर्ष २३ का अमित चौधरीको मृत्यु भएको भारतीय प्रहरीले जनाएको छ । घाइते चौधरीको बागडोग्रा ग्यालेक्सीस्थित अस्पतालमा उपचारको क्रममा शनिबार साँझ ८ बजे मृत्यु भएको थियो । कारमा उनीमात्र एक्लै रहेको बताइएको छ ।

## अमेरिका र इरानबीच बार्ताको तयारी

**एजेन्सी/** पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरिफ र सेना प्रमुख फिल्ड मार्शल सैयद असिम मुनीर अमेरिका–इरान समझदारीपत्र (एमओयू) कार्यान्वयनसम्बन्धी उच्चस्तरीय वार्तामा सहभागी हुन आइतबार स्विट्जरल्याण्डको बर्गेनस्टक रिसोर्ट पुगेका छन् ।

पाकिस्तानको सरकारी टेलिभिजनका अनुसार पाकिस्तानी प्रतिनिधिमण्डलले वार्ताका क्रममा अमेरिकी, इरानी तथा कतारी प्रतिनिधिमण्डलसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

प्राविधिक तहको वार्ता छिट्टै सुरू हुने र सोमबारसम्म जारी रहन सक्ने जनाइएको छ। यद्यपि छलफलका लागि कुनै औपचारिक समयसीमा तोकिएको छैन । प्रतिवेदनअनुसार समझदारी पत्रको कार्यान्वयनलाई अगाडि बढाउन तथा बाँकी रहेका विषय टुङ्ग्याउन आवश्यकताअनुसार वार्ता जारी रहनेछ । उक्त वार्ता अमेरिका र इरानबीच हालै हस्ताक्षर भएको समझदारी ज्ञापनपत्रको कार्यान्वयन प्रक्रियालाई केन्द्रमा राखेर हुन लागेको हो ।

## रेलवे सुरुङ निर्माणका क्रममा दुर्घटना, दुईको मृत्यु

**एजेनसी/** उत्तरी थाइल्याण्डमा निर्माणाधीन रेलवे सुरूङभित्र भारी उपकरण खस्दा दुई कामदारको मृत्यु भएको छ भने कम्तीमा दुई जना गम्भीर घाइते भएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार दुर्घटना शनिबार चियाङ राई प्रान्तस्थित तीन दशमलव चार किलोमिटर लामो दोई लुआङ सुरूङमा भएको हो । उक्त सुरूङ डेन चाइ–चियाङ राई–चियाङ खोङ रेलमार्ग परियोजनाअन्तर्गत निर्माणाधीन छ । सुरूङभित्र जलरोधक संरचना जडान गर्ने क्रममा भारी उपकरण खस्दा दुई कामदारको घटनास्थलमै मृत्यु भएको र अन्य दुई जना गम्भीर घाइते भएको जनाइएको छ । घाइतेलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ । प्रारम्भिक अनुसन्धानबाट कामदार सुरूङभित्र वाटरप्रुफिङ जडानकार्यमा सङ्लग्न रहेको देखिएको छ । दुर्घटनापछि थाइल्याण्डको राज्य रेलवेले घटनास्थलमा दुई दिनका लागि निर्माणकार्य स्थगित गरेको छ । संरचनाको अवस्था निरीक्षण गर्न तथा दुर्घटनाको कारण पत्ता लगाउन विज्ञ र सम्बन्धित निकायलाई परिचालन गरिएको जनाइएको छ ।

## विद्युत सर्ट हुँदा आगलागी

**दमक/** झापाको बिर्तामोड नगरपालिका–१ स्थित एक बिवाइडी गाडीको सर्भिस सेन्टरमा विद्युत सर्ट भई आगलागी हुँदा लाखौको क्षति भएको प्रहरीले जनाएको छ ।

बिर्तामोडको पश्चिम बस स्टेन्ड छेउमा विकास बस्नेतले सञ्चालन गर्दैआएको सर्भिस सेन्टरमा आइतवार बिहान ४ बजेतिर विद्युत सर्ट भई आगलागी भएको हो । आगलागीबाट विभिन्न मोटर पार्टस्हरु जल्दा अन्दाजी ६० लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । सर्भिस सेन्टरमा रहेका गाडीहरु भने जोगिएका छन् ।

---

***हतियार*......**सूचना प्राप्त हुनासाथ सिआरभी भट्टाचोकबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो । सुधार गृहका प्रतिनिधि, आफन्त र प्रहरीले कोठाभित्र रहेका कार्कीलाई सम्झाइ–बुझाइ गर्ने प्रयास गरिरहेका थिए । सोही क्रममा कार्कीले आफू सुत्ने बेडमा लुकाएर राखेको धारिलो हतियार अचानक निकालेर प्रहार गरेका थिए । आक्रमणबाट स्थानीइ भोजराज रेग्मी, हिमाल घिमिरे र सन्तोष सापकोटा घाइते भएका छन् । उनीहरूको टाउकोमा सामान्य चोट लागेको छ । घाइतेहरूको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भइरहेको छ ।

घटनास्थलमा आवश्यक समन्वय र घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी नायब उपरीक्षक सन्तोष श्रेष्ठ र वडा प्रहरी कार्यालय विराटनगरबाट प्रहरी निरीक्षक बेनु कार्की नेतृत्वको टोली घटनास्थलमा पुगेको छ ।

***लागुऔषधसहित*......**प्रहरीले उनलाई नियन्त्रणमा लिएर मोटरसाइकलको पछाडि राखिएको बोरा खानतलासी गर्दा ठूलो परिमाणमा लागुऔषध फेला पारेको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रले बताए । बरामद ट्रामाडोल हाइड्रोक्लोराइड ३ हजार ५० पत्ता रहेको छ । एक पत्तामा १० क्याप्सुलका दरले कुल ३० हजार ५ सय क्याप्सुल बरामद गरिएको हो ।

## यौन दुर्व्यवहार गर्ने पसले पक्राउ

**भद्रपुर/** बिस्कुट किन्न आएकी ११ वर्षकी बालिकालाई यौन दुर्व्यबहार गर्ने झापा कचनकवल (६ बनियानीका एक पसले पक्राउ परेका छन् । सनिवार बिहान ७:३० बजे कचनकवल ६ बनियानी बजारमा पसल संचालन गर्दै आएका अन्दाजी ६५ वर्षीय मालबाबु साहको पसलमा स्थानीय ११ वर्षीया बालिका बिस्कुट किन्न आएकी थिइन् । साहले ती बालिकालाई पसलभित्र लगेर हातपात गर्नुका साथै यौन दुर्व्यवहार गरेको बालिकाले बताएपछि पसले पक्राउ परेको प्रहरीले जनाएको छ ।

बालिकाले रूँदै आफ्ना आमा बुवालाई घटनाबारे सुनाएपछि दुबै जना अभिभावकहरूले पसल संचालक मालबाबु साहका छोराको मोबाइलबाट उक्त पसलमा राखेको सीसी क्यामराले खिचेको फुटेज हेर्दा बदनीयत तरिकाले यौन दुर्ब्यबहार गरेको पुष्टि भएको थियो । त्यसपछि इलाका प्रहरी कार्यालय बनियानीलाई जानकारी गराइएको थियो ।

देशभर ५५ जनामा डेंगु संक्रमण पुष्टि

# कोशी र लुम्बिनी सबैभन्दा प्रभावित

**विराटनगर/** देशभर डेंगु संक्रमण फैलिने क्रम जारी रहँदा यस वर्षको जनवरीयता ५५ जनामा संक्रमण पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार कोशी र लुम्बिनी प्रदेश डेंगुबाट सबैभन्दा बढी प्रभावित भएका छन् ।

महाशाखाको तथ्यांकअनुसार कोशी प्रदेशमा १७ जना र लुम्बिनी प्रदेशमा १५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । यस्तै, काठमाडौं उपत्यकासहित बाग्मती प्रदेशमा १० जना, गण्डकी प्रदेशमा ६ जना, मधेश प्रदेशमा ४ जना तथा सुदूरपश्चिम प्रदेशमा ३ जना संक्रमित भेटिएका छन् । किटजन्य रोग शाखा प्रमुख डा. गोकर्ण दाहालले डेंगुबाट बच्नु नै सबैभन्दा प्रभावकारी उपाय भएको बताउँदै घर तथा वरपर पानी जम्न नदिन विशेष ध्यान दिन आग्रह गरेका छन् । उनका अनुसार गमला, फूलदानी, कुलर तथा अन्य भाँडामा जम्मा भएको पानी कम्तीमा हप्तामा एकपटक फेर्नुका साथै पानी संकलन गर्ने भाँडालाई राम्रोसँग छोप्नुपर्छ । साथै बिहान–साँझ बाहिर निस्कँदा लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाउनुपर्ने उनले बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि डेंगुको जोखिम बढ्न थालेको भन्दै सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ । मन्त्रालयले पूरा बाहुला भएका कपडा लगाउन, झुलभित्र सुत्न, झ्यालढोकामा जाली राख्न तथा घर, विद्यालय र कार्यालय आसपास पानी जम्न नदिन अनुरोध गरेको छ ।

नेपालमा पहिलोपटक सन् २००४ मा चितवनमा डेंगु संक्रमण देखिएको थियो । त्यसयता डेंगु हरेक वर्ष वर्षायाममा देखिने प्रमुख जनस्वास्थ्य समस्याका रूपमा विकसित भएको छ । चिकित्सकका अनुसार डेंगु संक्रमितमध्ये अधिकांशमा सामान्य वा कुनै लक्षण नदेखिन सक्छ भने केही बिरामीलाई अस्पतालमा उपचार आवश्यक पर्न सक्छ ।

विगतका वर्षहरूमा जुलाईदेखि सेप्टेम्बरसम्म संक्रमण उच्च हुने गरेको भन्दै स्वास्थ्य विज्ञहरूले आगामी केही सातालाई विशेष सतर्कताको समयका रूपमा लिन आग्रह गरेका छन् । घरवरपरको सरसफाइ, पानी जम्न नदिने र लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाए डेंगु संक्रमणको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिने स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

# विद्यालयलाई ल्यापटप र प्रिन्टर

**ताप्लेजुङ/** ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाका विद्यालयलाई ल्यापटप र प्रिन्टर वितरण गरिएको छ । गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयलाई एक–एक थान ल्यापटप र प्रिन्टर वितरण गरेको हो ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख बद्री सिटौलाका अनुसार पालिकाभरिका ३८ वटा सामुदायिक विद्यालयलाई एक थान (एउटा)का दरले ल्यापटप र प्रिन्टर वितरण गरिएको छ। करिव ४० लाख रुपियाँ मूल्य बराबरको ल्यापटप कम्प्युटर र प्रिन्टर वितरण गरिएको शाखा प्रमुख सिटौलाले जानकारी दिए ।

विद्यालयको दैनिक कार्य सञ्चालन, इमिस प्रणालीमा सहजीकरण, प्रश्नपत्र निर्माण, तथ्याङ्क प्रविष्टिसहितका कार्यमा सहजता ल्याउने उद्देश्यले विद्यालयलाई ल्यापटप र प्रिन्टर वितरण गरिएको गाउँपालिकाका लेखा शाखा प्रमुख भूपेन्द्र बुढाक्षेत्रीले जानकारी दिए । बोलपत्रको प्रक्रियामार्फत ल्यापटप र प्रिन्टर खरिद गरेर विद्यालयहरूलाई वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

# झापामा १५ हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ता

**झापा /** झापामा १५ हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ताहरू रहेको तथ्यांक प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालयले शनिवारदेखि शुरू गरेको 'लागूऔषधविरूद्ध झापा अभियान' को उ▯टनमा प्रहरी उपरीक्षक बसुन्धरा खड्काले सो तथ्यांक सार्वजनिक गरेकी हुन् ।

तर, लागूऔषधको क्षेत्रमा काम गर्ने संस्थाका अनुसार झापामा २० हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ता रहेको अनुमान गरिएको छ । जिल्लामा ४० वटा पुनर्स्थापना केन्द्रमा सरदर ३० जनाका दरले एक पटकमा १२०० जना उपचारमा जाने गरेका छन् । बाँकी बाहिर छन् । झापामा कारोबारीको संख्या पनि उत्तिकै धेरै रहेको छ ।

सवडिलर टोलैपिच्छे रहेको बताइन्छ । झापामा सक्रिय डिलर ५०/५२ वटा रहेको अनुमान गरिएको छ । साथै घुम्ती बिक्रेता पनि रहेको बुझिएको छ । उनीहरू स्कुल र कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरेर लागूऔषध आपूर्ति गर्ने गरेका छन् ।

झापामा लागूऔषधको वास्तविक आकार हामीले देखेको भन्दा धेरै ठूलो रहेको प्रहरीको समेत बुझाइ छ । प्रहरीले देखेको र कार्वाही गरेको संख्या समस्याको टुप्पो मात्र भएको भन्दै प्रहरी उपरीक्षक खड्काले समाजभित्र लुकेको लागूऔषध दुर्व्यसनमा फस्नेहरूको हिस्सा भयानक रहेको जानकारी दिइन् । उनका अनुसार लागूऔषधमा संलग्न भएका कारण झापामा ९२४ जना राज्यको नियन्त्रणमा रहेका छन् । कैदी ३७६ जना , बन्दी ३४० जना र २०८ जना हिरासतमा छन् । त्यस्तै लागूऔषधको दुर्व्यसनबाट छुटकारा पाउन १ हजार ३९५ जना स्व उपचारमा छन् । १ हजार २६२ जना पुनर्स्थापना केन्द्रमा र १३३ जना ओएसटी प्रादेशिक अस्पताल भद्रपुरमा उपचाररत रहेको तथ्यांकमा उल्लेख छ ।

# कांग्रेस सभापति गगन थापा झापा आउदैं

दमक । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा कार्यकर्ता भेटघाटका क्रममा झापा आउने भएका छन् । पार्टीको काठमाण्डौंमा सम्पन्न विशेष महाधिबेशनबाट निर्वाचित सभापति थापा यही असार ९ गते झापा आउने भएका हुन् । सभापति पछि झापामा उनको यो पहिलो भेटघाट हुन लागेको हो । कांग्रेस झापाको आयोजनामा विर्तामोडस्थित पाथीभरा सिने प्लाजामा विहान ११ वजे हुन लागेको जिल्लास्तरिय वृहत कार्यकर्ता भेटघाट कार्यक्रममा केन्द्रीय सभापति थापा लगायतका केन्द्रीय नेताहरू झापा आउँदै छन् । सभापति थेवेले भेटघाट कार्यक्रमलाई भब्य रूपमा सफल बनाउन जिल्लाका सवै तहगत समिति र भातृ तथा शुभेच्छुक संघसंस्थाका पदाधिकारी एवं प्रतिनिधिहरूलाई आग्रह गरेका छन् ।


**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

*सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रधान सम्पादक/प्रकाशकः** गञ्जबहादुर दाहाल, **कार्यालयः** दमक–५, झापा, फोनः ०२३–५७०२७२, **प्रबन्धकः** सुवासचन्द्र भट्टराई, **मुद्रणः** ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउटः** सुरेन बस्नेत **सल्लाहकार :** पंकज दाहाल